# आदर्श कोतवाल गाउँपालिकाको आर्थिक ऐन, २०७५

**आदर्श कोतवाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रमानिकरण मिति : २०७५/०३/१०

**प्रस्तावना** : आदर्श कोतवाल गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम आदर्श कोतवाल गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि आदर्श कोतवाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

## भूमि कर (मालपोत) दरहरु

| क्र. सं. | जग्गाको क्षेत्रफल / विवरण | दर (रु.) |
|---|---|---|
| १ | हुलाकी राजमार्गको दायाँबायाँ प्रति कठ्ठा | २५\|- |
| २ | अन्य जग्गा प्रति कठ्ठा | २०\|- |

अनुसूची – २

(दफा ३ सँग सम्बन्धित)

## घर वहाल करका दरहरु

| क्र. सं. | घर वहाल कर / विवरण | दर (रु.) |
|---|---|---|
| १ | घर / सटर बहाल कर वार्षिक | २% |
| २ | जग्गा बहाल कर (वर्कसप / उद्योग / व्यवसायिक जग्गा भाडा) | १.५% |
| ३ | सार्वजनिक जग्गा (बसपार्क / वर्कसप / उद्योग / व्यवसायिक जग्गा भाडा) प्रति वर्ग फिट न्यूनतम | २\|- |
| ४ | रुपौलिया पोखरी | ७,००,०००\|- |
| ५ | कोतवाली पोखरी | ५०,०००\|- |
| ६ | कोईलिडीह पोखरी | ४०,०००\|- |
| ७ | बतरा पोखरी | २५,०००\|- |

## अनुसूची – ३

(दफा ४ सँग सम्बन्धित)

# व्यवसाय करका दरहरु

| क्र. सं. | व्यवसायको विवरण | दर (रु.) |
|---|---|---|
| १ | मदिरा पसल | १,०००।- |
| २ | गरगहना पसल | १,०००।- |
| ३ | इलेक्ट्रोनिक्स / इलेक्ट्रिकल पसल खुद्रा | १,०००।- |
| ४ | हार्डवेयर पसल (सिमेन्ट / छड) | १,०००।- |
| ५ | हार्डवेयर पसल | १,०००।- |
| ६ | पलाईउड / सिसा / कार्पेट / फ्रेम पसल | १,५००।- |
| ७ | पेट्रोलियम पदार्थ (पेट्रोल पम्प) | ५,०००।- |
| ८ | खाद्यान्न / गोल्ला तथा किराना पसल | १,५००।- |
| ९ | कपडा पसल | १,०००।- |
| १० | तरकारी पसल थोक / फुटकर | ३००।- |
| ११ | साइकल, रिक्सा बिक्री | ५००।- |
| १२ | साइकल, रिक्सा मर्मत | ३००।- |
| १३ | मोटरसाइकल, ट्रेक्टर मर्मत ग्यारेज | ५००।- |
| १४ | इट्टा उद्योग, बिक्री डिपो ब्लक, रिङ्ग | ७,०००।- |
| १५ | निर्माण व्यवसाय गाउँपालिकामा कार्यालय भएको | १,५००।- |
| १६ | सः मिल फर्निचर उद्योग | १,०००।- |
| १७ | होटल तथा रेस्टुरेन्ट व्यवसाय | १,०००।- |
| १८ | मिठाई तथा नास्ता पसल, साना होटल | ५००।- |
| १९ | इलेक्ट्रीसियन तथा फोटोकपी पसल | ५००।- |
| २० | प्रशारण गृह रेडियो, केवल नेटवर्क | २,०००।- |
| २१ | वाणिज्य बैंक | ९,०००।- |
| २२ | विकास बैंक | ७,०००।- |
| २३ | फाइनान्स कम्पनी तथा वित्तीय संस्था | ५,०००।- |
| २४ | विदेशी मुद्र सटही काउन्टर, मनि ट्रान्सफर | २,०००।- |
| २५ | सहकारी बैंक | २,०००।- |
| २६ | गैर सरकारी अस्पताल | ३,०००।- |
| २७ | क्लिनिक होम तथा औषधि पसल | १,५००।- |

| | | |
|---|---|---|
| २८ | औषधि पसल | १,०००।- |
| २९ | जुत्ता पसल | ५,००।- |
| ३० | टेलर्स | ५००।- |
| ३१ | सैलून | ३००।- |
| ३२ | ब्यूटी पार्लर | ३००।- |
| ३३ | फोटो स्टुडियो | ४००।- |
| ३४ | साइनबोर्ड, पेन्टिङ्ग सेवा | ४००।- |
| ३५ | स्टील, काठ, फर्निचर विक्रेता | ५००।- |
| ३६ | ट्रान्सपोर्ट ढुवानी | ५००।- |
| ३७ | मासु पसल (वधसाला) | १,०००।- |
| ३८ | एग्रोभेट पसल (विउ विजन) | ४००।- |
| ३९ | भाडा पसल | ३००।- |
| ४० | टायर मर्मत, हावा हाल्ने | २००।- |
| ४१ | रिक्सा, ठेला दर्ता कर | १००।- |
| ४२ | अटो रिक्सा दर्ता कर | ३००।- |
| ४३ | बचत तथा ऋण सहकारी संस्था | ५००।- |
| ४४ | बहुउदेशीय सहकारी संस्था | १,०००।- |
| ४५ | कृषि सहकारी संस्था | ५००।- |
| ४६ | पुस्तक तथा स्टेसनरी पसल | ३००।- |
| ४७ | फैन्सी पसल | ७५०।- |
| ४८ | टेन्ट हाउस | १,५००।- |
| ४९ | ग्यास सिलिन्डर बिक्री | १,५००।- |
| ५० | कुखुरा पालन व्यवसाय | १,०००।- |
| ५१ | पशुपालन व्यवसाय | ३००।- |
| ५२ | फलफूल व्यवसाय | ३००।- |
| ५३ | पिठो मिल | ३००।- |
| ५४ | राइस मिल | ५,०००।- |
| ५५ | मा. वि. स्तर स्कूल निजी विद्यालय | ३,०००।- |
| ५६ | नि. मा. वि. स्तर स्कूल निजी विद्यालय | २,०००।- |
| ५७ | प्रा. वि. स्तर स्कूल निजी विद्यालय | १,५००।- |

## अनुसूची – ४
(दफा ५ सँग सम्बन्धित)

# जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु

| क्र. सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | कवाडी पसल | १,०००।- |

## अनुसूची – ५
(दफा ६ सँग सम्बन्धित)

# विज्ञापन करका दरहरु

| क्र. सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | प्रति होर्डिङ्ग वोर्ड | ५००।- |
| २ | प्रति पर्खालमा पेन्टिङ्ग | १,०००।- |

## अनुसूची – ६
(दफा ७ सँग सम्बन्धित)

# बहाल बिटौरी शुल्क

| क्र. सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | रुपौलिया बजार | ४०,०००।- |
| २ | हरनहिया बजार | ४०,०००।- |
| ३ | पटेर्वा बजार | ५०,०००।- |
| ४ | चिउँटाहा बजार | ४०,०००।- |
| ५ | कोतवाली बजार | ४०,०००।- |
| ६ | टेढाकट्टी बजार | ३०,०००।- |

अनुसूची – ७

(दफा ८ सँग सम्बन्धित)

## सेवा शुल्क, दस्तुर

| क्र. सं. | सेवाको विवरण | दर (रु.) |
|---|---|---|
| १ | चार किल्ला प्रमाणित १० कठ्ठा सम्म | २००।- |
| २ | चार किल्ला प्रमाणित १० कठ्ठा भन्दा माथि प्रति कठ्ठा | २५।- |
| ३ | प्रति साधारण सिफारिस | १००।- |
| ४ | प्रति घटना दर्ता (३५ दिन पछि) | ५०।- |
| ५ | जग्गा मूल्यांकन प्रति हजार | १।- |
| ६ | सम्पति मूल्यांकन प्रति हजार | १।- |
| ७ | मोही कट्टा सिफारिस प्रति कठ्ठा | ५०।- |
| ८ | ऐलानी मिनही जग्गा सिफारिस | १००।- |
| ९ | अमिन दस्तुर | १,५००।- |
| १० | ट्रेक्टर प्रति दिन (तेल बाहेक) | १,८००।- |
| ११ | ब्याकहो लोडर प्रति घण्टा (तेल सहित) | २,०५०।- |